

JEFFCO PUBLIC SCHOOLS

# सिल अफ ाइलिटरेसि (Seal of Biliteracy)

Seal of Biliteracy ती विद्यार्थीहरूलाई दिइने प्रमाण पत्र हो, जसले उनीहरू हाइ स्कूल ग्र्याजुएट हुँदा दुइ वा अधिक भाषाहरूको अध्ययन गरेर सिद्ध्याएका छन् अनि त्यसमा दक्षता हासिल गरेका छन्।

Seal-ले विद्यार्थीहरूलाई, विद्यार्थीहरूले अगावै जानेको भाषा, उनीहरूको संस्कृति अनि अनुभवप्रति सम्मान व्यक्त गर्दै एक नयाँ भाषा सिक्नको लागि प्रोत्साहन प्रदान गर्छ। यसको अतिरिक्त, यसले भावी रोजगारदाताहरू अनि हाइ स्कूल पश्चात् जानुपर्ने संस्थानहरूलाई विद्यार्थीका भाषा कौसलहरूबारे निर्णायक प्रमाण प्रस्तुत गर्छ।

## Seal of Biliteracy अर्जित गर्नु

State of Colorado-ले यसको लागि निम्नतम मानदण्डहरू निर्धारित गर्दै साथै स्कूल डिस्ट्रिक्टहरूलाई यो प्रमाण पत्र हासिल गर्नको लागि विद्यार्थीहरू निम्ति एक समुचित प्रक्रिया साथै मानदण्डहरूको विकास गर्ने निर्देश दिँदै, मार्च 30, 2017-मा हाइ स्कूल डिप्लोमाहरूको एक विकल्पको रूपमा Seal of Biliteracy-लाई अपनाएको हो। Jeffco, Seal of Biliteracy उपलब्ध गराउने 70 Colorado डिस्ट्रिक्टहरू/स्कूलहरूमध्ये एक हो, अनि 2019-मा विद्यार्थीहरूलाई प्रथमपल्ट यी प्रमाण पत्रहरू प्रदान गरिएका थिए।

अङ्ग्रेजी अनि एक अतिरिक्त भाषामा स्टेट वा डिस्ट्रिक्टका मानदण्डहरूलाई पूरा गर्ने Jeffco-का सबै विद्यार्थीहरू Seal प्राप्त गर्नको लागि योग्य ठहर हुनेछन्। इच्छुक विद्यार्थीहरूले हाइ स्कूल ग्र्याजुएशनको अवधि भित्र यी मानदण्डहरूलाई पूरा गर्ने प्रक्रियालाई सुरु गर्न तथा त्यसको लागि कार्य योजनाको विकास गर्नको लागि उनीहरूको हाइ स्कूलको Seal of Biliteracy टोलीसित सम्पर्क गर्नुपर्नेछ।

ग्र्याजुएशनको समयमा उम्मेदवारहरूको पहिचान गर्न सकिन्छ। अन्तिम प्राप्तकर्ताहरूले पतझडको समयमा ईमेल मार्फत प्रमाण पत्र प्राप्त गर्नेछन्। विद्यार्थीले बोल्न, पढ्न, लेख्न, तथा बुझ्नसक्ने भाषाहरूको उल्लेख गरिएको साथै अपडेट गरिएका ट्रान्सक्रिप्टहरूको लागि अनुरोध गर्ने आवश्यकता छ।

### विश्व भाषासम्बन्धी मानदण्डहरू

| | | |
|---|---|---|
| ***विकल्प 1:*** ती विद्यार्थीहरूको लागि, जसले एउटा भाषाको पाठ्यक्रम कार्यलाई पूरा गरेका छन् | ***Colorado Seal of Biliteracy:*** चार वर्षे हाइ-स्कूलको समकक्ष एक भाषामा विश्व भाषाका पाठ्यक्रमहरूको समापन अनि ती क्लासहरूमा 3.0 वा अधिक GPA अर्थात् सरदर ग्रेड पोएन्ट | ***Jeffco Seal of Biliteracy:*** चार वर्षे हाइ-स्कूलको समकक्ष एक भाषामा विश्व भाषाका पाठ्यक्रमहरूको समापन अनि ती क्लासहरूमा 3.0 वा अधिक GPA अर्थात् सरदर ग्रेड पोएन्ट **अनि** इन्टरमिडिएट-मिड लेभलमा मौखिक दक्षताको प्रदर्शन |
| ***विकल्प 2:*** ती विद्यार्थीहरूको लागि, जसले विश्व भाषाको 4 वर्षको पाठ्यक्रम पूरा गरेका छैनन् अनि/अथवा त्यो विश्व भाषामा 3.0 वा अधिक GPA प्राप्त गरेका छैनन् **अथवा** ती विद्यार्थीहरूको लागि, जसको भाषालाई पाठ्यक्रम कार्य अन्तर्गत उपलब्ध गराइएको छैन | जाँचमा योग्य ठहर हुनको लागि आवश्यक अङ्क **जसमा वाचन, श्रवण, पठन अनि लेखन सामेल छ।** अनुमोदित जाँचहरूमा निम्न भाषाहरू सामेल छन्: *अरबिक, ASL, चिनियाँ (मेन्डरिन), फ्रेन्च, जर्मन, हिब्रू, हिन्दी, इटालियन, जापानिज, कोरियन, ल्याटिन, पलिश, पोर्तुगिज, रसियन, अनि स्पेनिश* | |
| ***विकल्प 3:*** पाठ्यक्रम कार्य विनाका भाषाहरूको लागि **अथवा** मानदण्डहरू पूरा गर्नको लागि विकल्पको रूपमा राष्ट्रिय स्तरको परीक्षा। | LTI OPI अनि WPT परीक्षा | |

SEAL OF BILITERACY JEFFCO PUBLIC SCHOOLS

### अङ्ग्रेजी भाषाका मानदण्डहरू

***Colorado Seal of Biliteracy*** -को मूल विधि-विधानअनुसार ती क्लासहरूमा 3.0 वा अधिक GPA-का साथ अङ्ग्रेजी भाषाको 4 वर्ष अवधिको ग्र्याजुएशन आवश्यकताहरूलाई पूरा गर्नको अतिरिक्त, चार अङ्ग्रेजी जाँचहरू (SAT, ACT, IB, AP)-मा योग्य ठहर हुनको लागि आवश्यक अङ्क प्राप्त हुनु आवश्यक छ।

Jeffco विद्यार्थीहरूले अङ्ग्रेजी भाषाको 4 वर्ष अवधिको ग्र्याजुएशन आवश्यकताहरूलाई पूरा गरेर अनि पठन, लेखन तथा सर-संवादमा सेकेण्डरी तहपछिका कार्यबल तत्परताका Jeffco-का प्रदर्शनहरूमध्ये एक-लाई पूरा गरेर ***Jeffco Seal of Biliteracy*** निम्ति अङ्ग्रेजी भाषाका मानदण्डहरूलाई पूरा गर्न सक्छन्।

अधिक जानकारीको लागि jeffcopublicschools.org/learning/seal-of-biliteracy हेर्नुहोस्